बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

फोन नं.: ०४९-४२१११५
ईमेलः dlsodolakha@gmail.com
वेबसाइटः www.vetdolakha.gov.np

चरिकोट, दोलखा

सूचना नं. ०३/२०८२/८३

## प्रस्ताव आव्हानको पुनः सूचना।

(दोस्रो पटक सूचना प्रकाशन मितिः२०८२/०९/२१)

पशु सेवा कार्यालय, दोलखाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरुमा आवश्यक माग भन्दा कम प्रस्ताव परेकाले एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक पशुपालक तथा मत्स्यपालक कृषक समूह/निजी फार्महरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स | कार्यक्रमको नाम | लक्षित लाभग्राही | प्रति साझेदार अधिकतम अनुदान रकम | कार्यक्रमको कूल बजेट (रु. लाखमा) | न्यूनतम शर्तहरु |
|---|---|---|---|---|---|
| १ | स्थानीय जातका असला माछा प्रवर्द्धन तथा संरक्षण कार्यक्रम | दर्तावाल निजी फार्म र कृषक समूह | रु. ५० हजार वा कार्यालयबाट स्वीकृत लागत अनुमान बमोजिम | ३ लाख ५० हजार | क. प्रस्तावकसँग कम्तिमा १ रोपनी जग्गा हुनुपर्नेछ।<br>ख. प्रस्तावकसँग बर्षभरि बगिरहने स्थायी सफा पानीको स्रोत हुनुपर्नेछ।<br>ग. कृषक समूहको हकमा कम्तीमा ५ जना सदस्य हुनुपर्नेछ। |
| २ | करेसा पोखरीमा कार्प जातको माछापालन | दर्तावाल निजी फार्म | रु. ५० हजार वा कार्यालयबाट स्वीकृत लागत अनुमान बमोजिम | ३ लाख ५० हजार | क. आफ्नै स्वामित्वको जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिइनेछ। सो नभए प्रस्तावकले न्यूनतम ५ वर्षसम्म जग्गा भाडामा लिएको करार पत्र पेश गर्नुपर्नेछ। |
| ३ | कार्प मत्स्य नर्सरी पोखरी कार्यक्रम | दर्तावाल निजी फार्म | रु. २ लाख वा कार्यालयबाट स्वीकृत लागत अनुमान बमोजिम | २ लाख ८० हजार | क. आफ्नै स्वामित्वको जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिइनेछ। सो नभए प्रस्तावकले न्यूनतम ५ वर्षसम्म जग्गा भाडामा लिएको करार पत्र पेश गर्नुपर्नेछ। |

२०८२।९।२१

डा. टेक राज पौडेल
वरिष्ठ पशु विकास अधिकृत (नवौं तह)
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

चरिकोट, दोलखा

फोन नं.: ०४९-४२१११५
ईमेलः dlsodolakha@gmail.com
वेबसाइटः www.vetdolakha.gov.np

**आवश्यक कागजातहरुः**

१. रु. १० (दश) को हुलाक टिकट टाँसेको अनुसूची २ अनुसारको निवेदन
२. प्रस्तावकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. प्रस्तावक सम्बन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि ।
४. PAN र आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. समूह/सहकारीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन र साधरण सभा बैठकको निर्णय प्रतिलिपि।
६. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)।
७. अनुसूची ४ अनुसारको संक्षिप्त कार्य-योजना ।
८. अनुसूची ५ बमोजिमको प्रतिबद्धता पत्र ।
९. अनुसूची ६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा ।
१०. अनुसूची २५ बमोजिमको स्व घोषणा ।
११. सम्बन्धित स्थानीय तह, पशु सेवा शाखाको दोहोरो सुविधा नलिएको वा नहुने बारेको सिफारिस पत्र।
१२. समूहको हकमा कार्यक्रममा सहभागी हुने कृषकको नाम र ठेगाना खुलाईएको पत्र।
१३. गत आर्थिक वर्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्र विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन ।

**नोटः** प्रस्तावकहरुले अनुसूची २,४,५,६, २५ र एकिकृत पशुपन्छी तथा मत्स्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ यस कार्यालयको वेवसाईट *vetdolakha.gov.np* **तथा फेसबुक पेज** *https://www.facebook.com/pashuaspatalkendra* **(पशु सेवा कार्यालय दोलखा)** बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०४९-४२१११५ वा सूचना अधिकारी ९८५४०४५११४ मा सम्पर्क गर्न सकिनेछ।

डा. टेक राज पौडेल
वरिष्ठ पशु विकास अधिकृत (नवौं तह)
कार्यालय प्रमुख